**बैठक नं. ४५**

आज मिति २०७६ वैशाख २३ गते सोमबार दिउसो २ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक,वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

**निर्णय नं.१**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटीई २०७५/१२/१० गतेदेखि बहाल हुनुभएका श्री ध्रुवराज आचार्यसँग परिचयात्मक कार्यक्रम र उहाँको सफल कार्यकालका लागि शुभकामना आदानप्रदान सम्पन्न भयो ।

## निर्णय नं.२

यस कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि विधेयक समितिमार्फत तयार भई पेश हुन आएका देहाय बमोजिमका कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयो:-

क) सार्वजनिक शौचालय निर्माण, संचालन र व्यवस्थापन मार्गदर्शन, २०७६

ख) दलित, विपन्न तथा महिला, छात्रवृत्ति सम्वन्धी कार्यविधि, २०७६

ग) एम्बुलेन्स, शब बाहन संचालन तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६

घ) शिक्षक /कर्मचारी/ बालविकास सहजकर्ताहरुको मिलान तथा काज व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५

ङ) असहाय, विपन्न तथा न्यून आय उपचार तथा सहयोग सम्वन्धी कार्यविधि, २०७५

च) बहाल/विटौरी कर असुली सम्वन्धी निर्देशिका, २०७५

छ) कीर्तिपुर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका, २०७५

## निर्णय नं.३

चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत बजेट, योजना तथा कार्यक्रमको पुँजिगत तर्फ विनियोजित रकमबाट कार्यान्वयन गर्ने क्रममा बचत रहन गएको वजेट, रकमबाट योजना तथा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्ने जिम्मा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकको राय परामर्शमा नगर प्रमुखलाई दिने र हालसम्म नगर प्रमुख ज्यूबाट स्वीकृत भई कार्यान्वयन भएका योजनाहरुको समर्थन गर्ने निर्णय गरियो । साथै यस्ता प्रकृतिका थप योजनाहरुको कार्यन्वयन सोही अनुरुप गर्ने निर्णय गरियो ।

## निर्णय नं.४

यस नगरपालिकाको स्वीकृत बजेट, योजना तथा कार्यक्रम मध्ये प्रवर्धनात्मक कार्यक्रम तथा लक्षित कार्यक्रम सञ्चालन गर्नका लागि वडाको हकमा वडा अध्यक्षको सिफारिस र नगरपालिकाको हकमा सम्वन्धित शाखा प्रमुखको सिफारिस तथा नगर प्रमुखको स्वीकृतिमा काय्रक्रमको प्रकृति हेरी सम्झौता रकमको ४० देखि ७५ प्रतिशतसम्म पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.५

यस नगरपालिकाको कर्मचारी दरवन्दी सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरवन्दी बमोजिम हाललाई निम्न पदहरु माग गर्ने निर्णय गरियो ।

| सि.न. | पद | तह | सेवा | समुह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | सि.डि.ई. | ९/१० | ईन्जी | सिभिल | १ |
| २ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | १ |
| ३ | लेखा सहायक (लेखापाल) | ५ | प्रशासन | लेखा | १ |

## निर्णय नं.६

चालु आर्थिक वर्ष २०७५/०७६ का लागि स्वीकृत बजेटको परिधिभित्र रही नगरस्तर र सम्वन्धित वडाको समन्वयमा वडास्तरीय मेलमिलाप केन्द्र स्थापना र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

यस नगरपालिका, कार्यपालिकाको नियमित वैठक प्रत्येक महिनाको ११ गते र २६ गते २:०० बजे बस्ने र सो दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.८**

यस नगरकार्यपालिकालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नका लागिवडा नं. ४ स्थित पुष्पलाल पार्क वाट चम्पादेवी डाँडासम्म केबुलकार संचालनका  लागि निशुल्क रुपमा संभाव्यता अध्ययन र सो सम्वन्धी कारबाही अघि वढाउने जिम्मा नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.९**

शिक्षा विकास समन्वय एकाई, ताहाचल काठमाण्डौको मिति २०७५/११/०९ को प.स. १९१७ को प्राप्त पत्रानुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/११/०३ को निर्णय बमोजिम यस नगर क्षेत्रमा मा.शि. द्वितिय श्री खगराज जोशी (स्रोत व्यात्ति) लाई काज फिर्ता गरिएकोमा यस क्षेत्रका सामुदायिक विद्यालयहरुमा समन्वय कार्यका लागि २०७६ असार मसान्तसम्म निजलाई साविकको स्रोत व्यक्तिको जिम्मा दिने र सोही पत्रमा उल्लेखित व्यवस्था अनुसार निजको सट्टामा जनसेवा मावि पाँगामा कार्यरत शिक्षकलाई २०७५ फाल्गुण महिनादेखि २०७६ असार मसान्त सम्मको तलव, भत्ता पारिश्रमिक आदि सुविधा नगरपालिकाको स्वीकृत बजेटको सामुदायिक विद्यालयहरुलाई विशेषज्ञ शिक्षक सहयोग, तालिम, परीक्षा सञ्चालन एवं शैक्षिक सुधार कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

आगामी आ.व. २०७६/०७७ का लागि योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यतालिका सन्दर्भमा यस नगरपालिकाको अनुरोधानुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, महिला विकास प्रशिक्षण केन्द्रले जापान अन्तरराष्ट्रिय सहयोग नियोग (JICA)को आर्थिक सहयोगमा यहि २०७६ जेष्ठ ३, ४, र ५ गते ३ दिने **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा प्रकृयासम्वन्धी** अभिमुखिकरण कार्यक्रममा अनिवार्य रुपमा सहभागी हुने निर्णय गरियो ।

**निर्णय नं.११**

यस नगरकार्यपालिका कार्यालयमा विभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना  र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | संरचना निर्माण सेवा प्रा.लि. | कीर्तिपुर ९, बाहिरी गाऊ, हरि कृष्ण श्रेष्ठ |
| २ | एम.एच. आर. कन्ट्रक्सन एण्ड सप्लाएर्स प्रा.लि. | कीर्तिपुर ९, मुगल्छे नरेन्द्र महर्जन, सगुन महर्जन |

| सि.न. | फर्मको नाम | ठेगाना र प्रोपाईटरको नाम |
|---|---|---|
| ३ | एलेक्स निर्माण सेवा | कीर्तिपुर ९, नगाऊ, सुरेन्द्र महर्जन |

**निर्णय नं.१२**

यस नगरपालिकाको एम्बुलेन्स, शव वाहन संचालन तथा सहयोग सम्वन्धी कार्यविधि, २०७६ को अधीनमा रही नयाँबजार क्लब कीर्तिपुरलाई एम्बुलेन्स तथा शब बाहन संचालनका लागि चालु आ.व. २०७५/०७६ को तत् सम्वन्धी स्वीकृत बजेटको परिधिभित्र रही २०७५ श्रावन देखि लागू हुने गरी सहयोग उपलब्ध गराउने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय नं.१३**

जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा आयोजित कार्यालय प्रमुखहरुको वैठकमा भएको जलपान खर्चको रु. १८,०००/- (रु. अठार हजार मात्र) र जिल्ला दररेट निर्धारण समिति काठमाण्डौंको बैठक भत्ताको रु. ५५,५००/- (रु. पचपन्न हजार पाँच सय मात्र) भुक्तानीको लागि अनुरोध भई आएकोले यस नगरपालिकाको स्वीकृत बजेटको विविध खर्च तथा बैठक भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१४**

कीर्तिपुर नगरपालिकामा विद्यमान खानेपानी समस्याको समाधान गर्नका लागि खानेपानीको स्रोत तथा सोको सन्तुलित वितरण गर्नका लागि एक कार्यदल गठन गरी प्रकृया अगाडी बढाउन नगर प्रमुख ज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

मिति २०७५/१२/१ गते शुक्रबार बसेको यस कीर्तिपुर नगरकार्यपालिकाको ४४ औं वैठकको निर्णय नं.४ बाट आ.व २०७३/०७४ को नगर स्तरीय साझेदारी लागत सहभागिता योजनाका रुपमा स्वीकृत वडा नं.३ (साविक वडा नं.६) स्थित कीर्तिपुर चक्रपथ ढल सुधार (साइडड्रेन) योजनामा उपभोक्ता समितिले बढी जम्मा गरेको साझेदारी लागत सहभागिताको रकम रू.१,२९,०८५।०० भूक्तानी दिन बाँकी शिर्षकबाट फिर्ता दिने निर्णय भएमा सो सम्बन्धी फाइल अध्ययन गर्दा २०७५ असार मसान्त भित्रमा सो रकम विनियोजन ऐन,२०७५ मा भुक्तानी दिन बाँकी शिर्षकमा उल्लेख भएको नपाइएकोले, विनियोजन ऐन,२०७५ (संशोधन सहित) मा उल्लेख भएको पूँजीगत तर्फ पूर्वाधार विकास अन्तर्गत समपुरक कोष तथा अन्य शिर्षकमा आन्तरिक स्रोतबाट बेहोर्ने रू.१,४०,००,००० ।- रकमबाट फिर्ता भुक्तानी दिई योजना फरफारक गर्ने निर्णय गरियो ।